स्थानीय सरकार
आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४

पत्र संख्या: २०८२/०८३ (सूचना प्रविधि शाखा)
चलानी नम्बर :

मिति: २०८२/०४/३० गते
११४५ गुंलागा सप्तमी - शुक्रबार

## प्रेस विज्ञप्ति

मिति २०८२/०४/२६ गते रुकुम (पश्चिम भाग) जिल्ला आठविसकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तरर्गत वडा नं १४ मा अवस्थित घेत्मा स्वास्थ्य चौकीमा राती १०:५७ वजे प्रसुती सेवा प्रवाह हुँदै गर्दा सेवाग्राहीसँगको कुनै पनि सम्बन्ध नभएको सोही वडा निवासी अन्दाजी वर्ष २४ का तिलक मल्लले मदिरा सेवन गरी हातमा धारिलो हतियार (खुँडा) लिई आकस्मिक सेवाका लागि स्वास्थ्य संस्थामा राखिएका सवारी साधन, गेट, कुर्ची, टेन्ट लगायतका सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउने कार्य गर्नुका साथै घेत्मा स्वास्थ्य चौकी प्रमुख देव बहादुर चन्द लगायत अन्य ३ जना स्वास्थ्यकर्मीहरु माथि पटक/पटक अपशब्द बोल्दै ज्यान मार्ने/मास्ने धम्की दिँदै हातपात समेत गरेको घटनाप्रति आठविसकोट नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । बिना कारण राष्ट्रसेवक कर्मचारी माथि हातपात गर्नुका साथै ज्यान मार्ने/मास्ने धम्की दिनु अशोभनीय, निन्दनीय र अराजकताको पराकाष्ठा भएको र यस्ता घटनाले कर्मचारीहरुको काम गर्ने मनोबल कमजोर बनाउने भएकाले यस्ता अवाञ्छनिय एवं अमर्यादित कार्यप्रति आठविसकोट नगरपालिका घोर भर्त्सना गर्दछ । साथै घटनाको सत्यतथ्य छानबिन गरि दोषीलाई कानून बमोजिम हदैसम्मको कारबाही गर्न सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराईन्छ ।

ई. राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत
२०८२/०४/३०

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत